## अनुसुची-१६

दफा ३३ को उप-दफा २ सँग सम्वन्धित

वन पैदावार लिलाम विक्रिको विस्तृत सुचना

**श्री सयपत्री सामुदायिक वन उपभोक्ता समूह वर्दघाट न.पा.-५**

काठ/दाउरा वोलपत्रद्धारा लिलाम विक्रिको सुचना

(प्रथम पटक सूचना प्रकाशन मितिः-२०८१/१०/२७)

यस सामुदायिक वन उपभोक्ता समूहवाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रवाट श्री नेपाल विद्युत प्राधिकरण कालिगण्डकी कोरिडोर २२० के.भी.प्रशारण लाईन आयोजनाको ROW भित्र पर्ने रुख/पोलहरु आ.व. २०८०/०८१ मा संकलन गरी घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानून वमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली २०७९ को नियम १२८ वमोजिम सुचीकृत भएका गोलिया काठ चिरान गर्ने सःमिल र काठलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना वुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै वोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय, नवलपरासी(व.सु.प.) तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलवन्दी वोलपत्र दाखिला गर्न आव्हन गरिन्छ।

तपशिलः-

**१.लिलाम बिक्रि हुने वन पैदावारको विवरणः-**

| वन पैदावारको विवरण | | | | | | | मूल्याङ्कन (रु) | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स. | लट नं. | जात | किसिम | ग्रे. | थान | परिमाण(घ.फि.) | दर प्रति घ.फि. (रु) | न्यूनतम मुल्य (रु) | संङ्कलन खर्च(रु) | |
| १ | १ | जिङ्गड | गोलिया काठ | | २१ | १७०.८६ | १०० | १७०८६.०० | २४४८३५.८२/- | घाङ्ग ४,५ र ६ |
| | | असना | | ए | २१ | ४९४.६३ | ४०० | १९७८५०.०५ | | |
| | | | | वि | ३५ | ५८५.१५ | ३०० | १७५५४५.९४ | | |
| | | | | सि | २५ | १३७.२२ | १०० | १३७२१.५४ | | |
| | | जम्मा | | | १०२ | १३८७.८५ | | ४०४२०३.५३ | | |
| २ | २ | वाँझि | गोलिया काठ | | १० | ९३.०६ | १०० | ९३०६.०० | ३०२६४९.८७/- | घाङ्ग ७,८,९ |
| | | कुसुम | | | २ | ५.९० | १०० | ५८९.७६ | | |
| | | असना | | ए | ३२ | ९१३.२७ | ४०० | ३६५३०६.८२ | | |
| | | | | वि | २८ | ५०३.६० | ३०० | १५१०८०.२१ | | |
| | | | | सि | २० | २००.२४ | १०० | २००२३.६२ | | |
| | | जम्मा | | | ९२ | १७१६.०६ | | ५४६३०६.४० | | |
| | | कुल | | | १९४ | ३१०३.९२ | | | | |

Scanned with CamScanner

वोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :

क) वोलपत्र खरिद गर्ने अन्तिम मितिः २०८१/११/१७ गते, समय कार्यालय समय भित्र सम्म।

ख) वोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८१/११/१८ गते, समय कार्यालय समय भित्र सम्म।

ग) वोलपत्र खरिद तथा दाखिला गर्ने दिन विदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ।

३. वोलपत्र साथ धरौटी वापत कवोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य वैंक वर्दघाट शाखा स्थित खाता नं. ३३३०१००००२१५५००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको वैंक ड्राफ्ट वा छ महिना अवधिको वैंक जमानत पत्र समावेश हुनुपर्नेछ । नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन।

४. वोलपत्रको प्रत्येक लटका लागि रु.१,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपरासी(व.सु.प.)वाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ।

५. वोलपत्र खरिद गर्दा लट अनुसार वेग्ला वेग्लै खरीद गरी दाखिला गर्दा पनि वेग्ला वेग्लै दाखिला गरी खाम वाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ।

६. लिलाम वढावढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ।

७. लिलाम प्रक्रियामा भाग लिन इच्छुक स:मिल/भेनियर/प्लाईउड उद्योगका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्वर प्रमाणपत्र, उद्योग सुचिकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य वोलपत्रसाथ पेश गर्नु पर्नेछ। नागरिकता वाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ।

८. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८१/११/२० गते दिनको १:०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन विदा परे सो को भोलिपल्ट खोलिनेछ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर सङ्कलन खर्च समेत छुट्टै वुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०. वोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

११. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ।

वासुदेवप्रसाद चौधरी
अध्यक्ष

Scanned with CamScanner